# National News

28/04/2026

<u>मुख्य समाचार</u>

1. प्रधानमन्त्री नरेन्द्र मोदीले वाराणसीमा लगभग 6 हजार 350 करोड रुपैयाँ लागतका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। देशको महिला-शक्ति, विकसित भारतको सबैभन्दा बलियो स्तम्भ भएको उहाँले बताउनुभयो ।

2. प्रधानमन्त्रीले सिक्किममा सम्पर्क र पूर्वाधार सुधारलाई सरकारले सर्वोच्च प्राथमिकता दिएको बताउनुभएकोछ। गान्तोकको पाल्जोर स्टेडियममा राज्यको 50 औं राज्य स्थापना दिवसको समापन समारोहलाई सम्बोधन गर्दै उहाँले सिक्किमलाई पूर्वको स्वर्गको रूपमा वर्णन गर्नुभयो।

3. सरकार ले देशभरमा घरेलु LPG र PNG तथा परिवहनका लागि CNG को शत प्रतिशत आपूर्तिको आश्वासन दिएको छ।

4. रक्षामन्त्री राजनाथ सिंहले किर्गिस्तानको बिश्केकमा आयोजित, सीमापार आतंकवादको प्रतिरोध गर्ने SCO रक्षा मन्त्री परिषद्को बैठकमा बोल्दै आतंकवाद, पृथकतावाद र अतिवादसँग लड्न मिलेर काम गर्न आह्वान गर्नुभएको छ।

5. पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणमा सात जिल्लाका 142 सिटका लागि भोलि मतदान हुनेछ।

6. आईपीएल क्रिकेटमा आज पञ्जाब किंग्सले न्यू चंडीगढको मुल्लानपुरमा राजस्थान रोयल्सको सामना गर्नेछ। Toss जितेर राजस्थान रोयल्सले पहिले bowling गर्ने फैसला गरेको छ।

<u>प्रधानमन्त्री-वाराणसी</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले देशको महिला शक्ति विकसित भारतको सबैभन्दा बलियो स्तम्भ भएको बताउनु भएको छ। आज साँझ वाराणसीमा आयोजित महिला सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले लोकसभा र विधान सभाहरूमा महिला आरक्षण लागू गर्ने प्रमुख राष्ट्रिय लक्ष्य प्राप्तिका लागि महिलाहरूको आशीर्वाद माग्नुभयो। श्री मोदीले भन्नुभयो, आज दुई अमृत भारत

रेलहरू झण्डा देखाएर प्रस्थान गरिएको छ जसले उत्तर प्रदेश र महाराष्ट्र बीचको सम्पर्क बढाउनेछ। उहाँले भन्नुभयो, मुम्बई र पुणे लगायत महाराष्ट्रभरका मानिसहरूसँग अब अयोध्या धाम र काशी विश्वनाथ धाम यात्रा गर्ने अर्को आधुनिक विकल्प छ।

प्रधानमन्त्रीले वाराणसीमा लगभग 6 हजार 350 करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। यी परियोजनाहरूले रेल, सडक, पानी, स्वास्थ्य सेवा, पर्यटन र शहरी पूर्वाधार लगायतका प्रमुख क्षेत्रहरूलाई समेट्छन्।

भोलि, श्री मोदीले वाराणसीको श्री काशी विश्वनाथ मन्दिरमा दर्शन र पूजा गर्नुहुनेछ। भ्रमणको दोस्रो चरणमा, प्रधानमन्त्री भोलि हरदोईको यात्रा र गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुहुनेछ ।

प्रधानमन्त्री – सिक्किम भ्रमण

यस अघि प्रधानमन्त्रीले सिक्किममा संपर्क र पूर्वाधार सुधारलाई सरकारले सर्वोच्छ प्राथमिकता दिएको बताउनु भएकोछ। गान्तोकको पाल्जोर स्टेडियममा राज्यको ५० औं राज्य स्थापना दिवसको समापन समारोहलाई सम्बोधन गर्दै उहाँले सिक्किमलाई पूर्वको सर्वगको रूपमा वर्णन गर्नुभयो। प्रधानमन्त्रीले राज्यको विशाल पर्यटन सम्भावनालाई प्रकाश पार्दै यसका जनताको हितका लागि यी अवसरहरूलाई पूर्ण रूपमा विकास गर्ने केन्द्रको प्रतिबद्धतालाई पुनः पुष्टि गर्नुभयो। जैविक र प्राकृतिक खेतीमा सिक्किमको सफलता सम्पूर्ण देशको लागि एक मोडेल बनेको छ, उहाँले भन्नुभयो। श्री मोदीले सस्तो स्वास्थ्य सेवा प्रदान गर्ने सरकारको प्रतिबद्धतामा जोड दिंदै, आयुष्मान भारत पहल अन्तर्गत गरिब तथा ७० वर्ष र माथिका नागरिकहरूलाई निःशुल्क आयुष्मान कार्ड वितरण गरिँदैछ भनेर उल्लेख गर्नुभयो। सिक्किमका युवाहरूको प्रशंसा गर्दै प्रधानमन्त्रीले भन्नुभयो,उनीहरूले फुटबल, बक्सिङ र धनुविद्या जस्ता खेलकुदमा आफ्नो प्रतिभा प्रदर्शन गरेका छन्।

अन्तरमन्त्रालय ब्रीफिंग

सरकारले देशभरमा घरेलु LPGर PNG तथा परिवहन का लागि ... को शत- प्रतिशत आपूर्तिको आश्वासन दिएको छ। नयाँ दिल्लीमा अन्तरमन्त्रालय ब्रीफिंगलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले घरेलु एलपीजी आपूर्ति स्थिर रहेको र कुनै पनि वितरण केंद्रमा उपलब्धता संबंधी बाधा नभएको बताइन्।

## नयाँ राजनाथ - एसीओ बैठक

रक्षामन्त्री राजनाथ सिंहले आज आतंकवाद, पृथकतावाद र अतिवादसँग लड्न मिलेर काम गर्न आह्वान गर्नुभएको छ।

उहाँले आतंकवादका लागि सुरक्षित आश्रयस्थलहरू हटाउन र कुनै पनि राजनीतिक अपवादलाई अस्वीकार गर्न आह्वान गर्नुभयो। किर्गिस्तानको बिश्केकमा आयोजित सीमापार आतंकवादको प्रतिरोध गर्ने एससीओ रक्षा मन्त्री परिषद्को बैठकमा बोल्दै उहाँले कुनै पनि देशद्वारा प्रायोजित सीमापार आतंकवाद, जसले राष्ट्रको सार्वभौमसत्तामाथि आक्रमण गर्छ, त्यसलाई बेवास्ता गर्नु हुँदैन भन्नुभयो। पहलगाममा भएको जघन्य आतंकवादी हमलाका पीडितहरूलाई सम्झदै, श्री सिंहले अपरेशन सिन्दूरको क्रममा, भारतले आफ्नो दृढ संकल्प प्रदर्शन गर्यो भन्नुभयो । उहाँले आतंकवादको कुनै राष्ट्रियता वा विचारधारा नहुने र राष्ट्रहरूले यस खतरा विरुद्ध दृढ र सामूहिक अडान लिनुपर्ने बताउनुभयो ।

## सुरक्षा कारबाही

पश्चिम बंगालमा, भोलि हुने दोस्रो तथा अन्तिम चरणको मतदान अघि पुलिसले सुरक्षा कारबाही तीव्र पारेकोछ। हिजो मतदान केन्द्रित जिल्लाहरूमा 800 भन्दा बढी मानिसहरूलाई पक्राउ गरिएको थियो। अहिलेसम्म दुई हजार 300 जनालाई पक्राउ गरिएको छ। स्वतन्त्र र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न निर्वाचन आयोगको निर्देशनमा कार्य गर्दै, पुलिसले पहिचान गरिएका समस्या सिर्जना गर्नेहरूलाई लक्षित गरेको छ। केन्द्रीय बलहरूले जिल्लाहरूमा गस्ती, रुट मार्च र चेकपोइन्ट निरीक्षण पनि बढाएको छ।

सात जिल्लाका 142 सीटहराम लागि भोलि मतदान हुनेछ।

## नेपाल-चीन पर्खाल

नेपाल-चीन सीमाको चीन तर्फ रहेको भोटेकोशी नदीमा चीनले सुरक्षा पर्खाल निर्माण गरेकोमा नेपालले कडा विरोध जनाएको छ। नेपाली अधिकारीहरूका अनुसार चिनियाँ निर्माण गतिविधिहरूले 1963 मा दुई देशहरू बीच हस्ताक्षर गरिएको सीमा प्रोटोकलको उल्लङ्घन

गर्दछ। प्रोटोकलमा भनिएको छ कि अन्तर्राष्ट्रिय सीमामा कुनै पनि संरचना निर्माण गर्नु अघि दुवै पक्षले एकअर्कालाई पहिले नै जानकारी गराउनुपर्छ।

<u>आईपीएल क्रिकेट</u>

आईपीएल क्रिकेटमा आज पञ्जाब किंग्सले न्यू चंडीगढ़को मुल्लानपुरमा राजस्थान रोयल्सको सामना गर्दैछ। खेल साँझ ७.३० बजे शुरू भएको छ।  TOSS जितेर राजस्थान रोयल्सले पहिले बलिङ गर्ने फैसला गरेको छ।